घरमा आगलागीबाट रोकथाम

सुरक्षा मार्गदर्शन

Nepali Version

आगलागीको खतराको बारेमा

केहि जानकारी चाहिएमा वा कुनै गुनासो भएमा कृपया

2723 8787

मा फोन गर्नुहोस् वा कुनै पनि फायर स्टेशनमा संपर्क गर्नुहोस् ।

घरमा आगलागीबाट रोकथाम

सुरक्षा मार्गदर्शन

प्रस्तावना

हड्डकड्ड एकदमै बाक्लो बस्ति भएको शहर हो जहाँ भवनहरु एक आपसमा एकदमै टासिएर रहेका छन् । आगलागी भएको अवस्थामा आगो सजिलै र छिटो फैलिन सक्छ र ठुलो दुर्घटना घट्न सक्छ ।

हुन त हाम्रो जीवन र सम्पतिको रक्षाको लागि आधुनिक उपकरणहरु र यंत्रहरुले सु-सज्जित दमकल सेवा उपलब्ध छ तर पनि हरेक वर्ष मानिसहरुको उनीहरुको घरमा लापरवाही र आगोबाट बच्ने पुर्वोपायलाई बेवास्ता गर्नाले धेरै संख्यामा आगलागीको दुर्घटनाहरु घटी रहेको छ । आगलागीबाट घर ध्वस्त हुन्छ र दुःखदायी तरिकाले आफ्नो परिवारको मान्छे र सम्पतिको क्षति बेहोर्नु पर्छ ।

हाम्रो जीवन र सम्पतिको रक्षाको लागि आगोबाट हुने सबै खतराहरु बाट सतर्क हुनु पर्दछ र साथै घरलाई सुरक्षित राख्नकोलागि रोकथामको उपायहरु उठाउन पर्छ ।

घरमा आगलागी हुनबाट बच्ने पुर्वोपायहरु

अब आउने अनुच्छेदहरुमा घरलाई आगोबाट बचाउन घरको विभिन्न ठाउँहरु जस्तै बैठक कोठा, भान्सा, बेडरुम, बाथरूम, कोरिडोर, भर्याङ, छत आदिमा के गर्ने र आगलागी को खतरा उत्पन्न गर्न सक्ने वस्तुहरु कसरी संचालन भन्ने कुराहरु विस्तृत रुपमा दिईएको छ । यदि दिईएको सुरक्षा उपायहरुलाई अनुसरण गर्ने हो भने तपाईले आफ्नो घर र सम्पतिहरुलाई आगोबाट बचाउन सक्नुहुन्छ ।

बैठक कोठा

तपाइको बैठक कोठामा रहेको सजावटको सामग्री र फर्निचर जस्तै पर्दा, घरायसी फर्निचर र बिजुलीको उपकरणहरु माथि विशेष ध्यान दिनु पर्दछ।

फोम रबर वा कपडा टासिएका फर्निचर

सोफा र कुर्चीमा चुरोट पिउँदा एस्ट्रेको प्रयोग गर्नुहोस्। चुरोटको ठुटालाई सोफा र कुर्चीमा नछोड्नुहोस्। फोम रबर वा कपडा टासिएका सोफा र कुर्चीहरुमा विशेष ध्यान दिनु पर्दछ किन भने जलिरहेको चुरोटले यिनीहरुमा आगो लगाउन सक्छ र जस्ले गर्दा हानिकारक ग्यास र धुवाँ निस्कन सक्छ।

सलाई र लाईटर

सलाई र लाईटरहरुलाई बच्चाहरुले पुग्ने ठाउँमा नराख्नुहोस्।

एस्ट्रे

एस्ट्रे यति ठुलो हुनु पर्दछ कि कुनै पनि चुरोट गुल्टीदै भुई वा अरु कुनै ज्वलनशील सामग्रीमा झरेर आगो लगाउन नपाओस्। जली रहेको धुम्रपानको सामग्रीहरुलाई राम्रोसंग ननिभाईकन विसर्जन नगर्नुहोस्।

टेलीविज़न र रेडियो

टेलीविज़न र रेडियोहरुको पछाडि प्रयास ठाउँ छोड्नुहोस् र तिनीहरुको भित्रबाट तातो हावा निस्कने वेंटिलेशनलाई नछेक्नुहोस्। प्रयोगमा नआएको बेला टेलीविज़न र रेडियोको प्लगलाई बिजुलीको सकेटबाट निकालेर राख्नु उपयुक्त हुन्छ।

एयर कंडीशनर

एयर कंडीशनर लगाउनु भन्दा अगाडि त्यसको विद्युतिय श्रेणी-निर्धारण राम्रोसंग जाँचेर निश्चित हुनुहोस् कि यसले तपाइको चालु विद्युतिय सर्किटलाई ओवरलोड गर्ने छैन। फिल्टरमा धेरै फोहर जम्नाले मोटरलाई ओवरलोड पर्न सक्छ। त्यसैले एयर कंडीशनको नियमित जाँच र सफाई भै रहेको छ भनेर सुनिस्चित गर्नुहोस्।

बिजुलीको उपकरण र सर्किट

प्रमाणित बिजुलीको उपकरण मात्र प्रयोग गर्नुहोस् । बिजुलीको सर्किट या सर्किटको सुरक्षामा ध्यान दिनुहोस् । बिजुलीको सर्किटलाई ओवरलोड नगराउनुहोस् र एउटा सकेटमा एउटा भन्दा धेरै एडाप्टर नजोड्नुहोस् । साथै, कहिले पनि एउटा सकेटमा धेरै प्लग नजोड्नुहोस् । कुनै पनि त्यस्तो सकेटको प्रयोग नगर्नु होस् जुन खुकुलो छ र जम्मा ओवर-हिटिंगको चिन्हहरु (जस्तै रंग उडेको, डढेको, आकार बिग्रिएको आदि) देखिएका छन् ।

यदि फ्यूज उड्यो या सर्किट ब्रेकर तल माथी भयो भने बुझ्नुहोस् कि त्यहाँ एकै सर्किटमा धेरै उपकरण प्रयोग भैरहेका छन् । यदि कुनै पनि उपकरण प्रयोग नगरिएको बेला फ्यूज उड्यो या सर्किट ब्रेकर तल माथी भयो भने त्यो खराब वायरिंगले गर्दा भएको हुन सक्छ र कुनै पनि डिला नगरिकन यस्को जाँच कुनै योग्य इलेक्ट्रिशियनबाट गराउनुहोस्।

बिजुलीको वायरिंग

एक्सटेंसन तार, उपकरण र बत्तीहरुको तारहरुसंग खेलवाड गर्नु हुदैन । फर्निचरको भार मुनि र हिड्दा खुट्टामा पर्ने स्थानमा यी तारहरुलाई नराख्नुहोस् । बिजुलीको तारहरुलाई गलैचा र कार्पेट मुनिबाट नलग्नुहोस् । सकेट, स्विच र प्लगहरुलाई सुक्खा हातले मात्र छुनुहोस् । बिजुलीको सम्पूर्ण व्यवस्थाहरुको वर्षमा कम्तिमा पनि एक पटक जाँच गर्नुहोस् वा गराउने बानी बसाल्नुहोस् ।

उज्यालो पार्ने उपकरण

बिजुलीको स्थिर बल्ब आदि उपकरणहरु दोष-मुक्त र राम्रोसंग काम गरिरहेका छन् भनेर सुनिश्चितता गर्नकोलागि नियमित जाँच गर्नुहोस् । उज्यालो पार्ने उपकरणहरुको असामान्य अवस्थाहरु जस्तै धेरै ताप्नु, तिरमिर हुनु, अस्थिर उज्यालो दिनु आदि देखियो भने चिनीहरुलाई बन्द गर्नु होस् र कुनै दर्तावाल इलेक्ट्रिशियनबाट जाँच गराउनुहोस् । उज्यालो पार्ने उपकरणहरु प्रयोगमा नभएको बेला तिनीहरुको प्लग बिजुलीको सकेटबाट छुटाई दिनु होस् र जुन प्रयोगमा छन् तिनीहरुलाई पनि ज्वलनशील सामग्रीहरुको नजिक नराख्नुहोस् र तिनीहरुबाट निस्कने तातोलाई हावामा मिसिएर बिलाउन दिनुहोस् ।

माछा पाल्ने भाँडा

माछा पाल्ने भाँडा भित्र ओवर-हिटिंग वा सर्ट-सर्किटबाट आगो नलागोस् भनेर भित्रको पम्प र फिल्टरलाई नियमित सफा गर्नुहोस् ।

भान्सा

घरमा भान्सा त्यस्तो ठाउँ हो जहाँ इन्धन, सलाई र खाना पकाउने तेल भण्डारण हुन्छ। भान्सामा अरु कोठाहरुको तुलनामा धेरै ग्यास र बिजुलीको उपकरणहरु लगाईएको हुन्छ र साथै ज्वलनशील पदार्थहरुको भण्डारण पनि भएको हुँदा यहाँ आगलागी को सम्भावना धेरै हुन्छ। त्यसैले, आगलागीको रोकथाम र आफ्नो परिवारको सुरक्षाकोलागि भान्सामा काम गर्दा धेरै ध्यान पुराउनुहोस्।

चुल्होको वरिपरी

सुनिश्चित गर्नुहोस् कि चुल्होको वरिपरी कुनै पनि प्रकारको सामग्रीहरु जस्तै फाल्तु कागज र ज्वलनशील नहोस्। चुल्होमा ग्रिज़ नजमोस् भनेर नियमित रुपमा चुल्होको सफाई गर्नुहोस्।

इन्धन

खान पकाउने ग्यास र मट्टीतेल (कुनै पनि समय एउटा भन्दा बढि भाँडामा नहोस्) लाई चुल्हो र अरु तापको श्रोतहरुबाट ठिक्क दुरीमा राख्नुहोस्। मट्टीतेलबाट चल्ने चुल्हो वा हिटर बलिरहेको बेलामा त्यसमा तेल भर्ने प्रयास कहिले पनि नगर्नुहोस्। मट्टीतेललाई मज्जाले कसिने धातुको बट्टामा भण्डारण गर्नु पर्दछ।

खाना पकाउँदा

खाना पकाउँदा ध्यान दिनु होस्। केहि कुरा जल्दा र उम्लिदां सावधान हुनुहोस्। खाना बनाउने कार्यलाई कुनै रेखदेख बिना नछोडनुहोस् खासगरी तब जब तापक्रेमा बोसो वा तेल रहेको हुन्छ। चुल्होको नियमित जाँच र सफाई गर्नुहोस्।

ग्यासको उपकरण

यी ग्यासको उपकरणहरुलाई योग्य तकनीशियनबाट मात्र लगाउनुहोस्। सुनिश्चित गर्नुहोस् कि यो ठाउँ राम्रोसंग हावा ओहोर- दोहोर गर्ने खालको छ। यदि तपाईलाई ग्यास चुहावटको शंका लागेमा:

- नाङ्गो ज्वालालाई निभाउनुहोस्।
- टेलिफोन वा बिजुलीको स्विचको प्रयोग नगर्नुहोस्।
- ग्यासलाई छिर्काउनको लागि जम्मै ख्याल र ढोकाहरु पूराहोस्।
- ग्यासको उपकरणहरुलाई नछुनुहोस्, यस्लाई छुँदा तपाईले झुक्किएर तिनीहरुलाई प्रज्वलित गर्न सक्नु हुन्छ। बरु तपाईले प्रेसर रेगुलेटर स्विचबाट ग्यासको सप्लाई बन्द गरिदिनोस्। संभव भए रेगुलेटरलाई सिलिंडरबाट छुटाई दिनुहोस्।

- यदि ग्यासको चुहावट गम्भीर छ वा कुन कारणले गर्दा भएको हो भन्ने पक्का हुनुहुन्न भने कुनै पनि समय नगुमाईकन परिसर छोडीदिनोस् र छिमेकीहरुलाई पनि बाहिर निस्कन भन्नु होस् तर ध्यान राख्नु होस् कि यो बेला मा ढोकाको घन्टी प्रयोग गर्नु हुदैन । भर्याङको बाटो हुदै बाहिर निस्कनु होस् र 999 मा फायर सर्विसेस डिपार्टमेंटलाई फोन गर्नुहोस् र साथै तपाइको ग्यास सप्लाई कंपनीको आकस्मिक नम्बरमा पनि खबर गर्नुहोस् ।
- ग्यासको चुहावट रोक्न आवश्यक पाइला नचालिकन गैस सिलिंडरलाई पुन: नजोड्नु होस् ।
- तपाईको ग्यास सप्लाई कम्पनीले ग्यासको उपकरण र सिलिंडरहरुको जाँच नगरेसम्म तिनीहरुलाई प्रयोगमा नल्याउनुहोस् ।

फ्रिज

मोटर, कम्प्रेसर र क्वाइलको माथि धेरै मात्रामा धुलो र कपको भुवा जम्मा हुनु नै आगलागीको मुख्य खतरा हो । यस्तो अवस्थामा फ्रिज ओवरलोड हुनपुग्छ र संभवत बिग्रन सक्छ जसकारण यस्को भित्र हुने फोमयुक्त प्लास्टिक इन्सुलेटर र अरु प्लास्टिकको सामानहरुमा आगो लाग्न सक्छ । फ्रिजको प्लगलाई बिजुलीको सकेटबाट निकाल्नुहोस् र मोटर कम्प्रेसर क्षेत्रबाट नियमित अन्तरालमा धुलो सफा गर्नुहोस् । पुरानो प्रकारको फ्रिज जस्ले पछाडि हावा फाल्छन्, तिनीहरुलाई भित्ता भन्दा केहि वर राख्नुहोस् ताकी पछाडी निस्कने हावालाई कुनै अवरोध नहोस् ।

आइरन गर्नु

तातो आइरनलाई छोड्दा वा भुल्दा कपडा जल्न सक्छ र त्यसले गर्दा आगलागी हुन सक्छ । आगो लाग्ने संभावना तब अझै बढ्न जान्छ जब आइरन बोर्ड काठले र कपडाले ढाकिएको हुन्छ ।

एरोसोल स्प्रे

एरोसोल स्प्रेलाई दबाबनूकुलित बट्टामा राखिएको हुन्छ जुन बढि तातोको सम्पर्कमा आउदा पडकन सक्छ ।

- धेरै किटनाशकको प्रयोग नगर्नुहोस् ।
- नाङ्गो ज्वाला या प्रज्वलनशील श्रोतहरुमा स्प्रे नगर्नुहोस् ।
- स्प्रेलाई सोझो घाम आउने ठाउँ वा तापको श्रोत नजिक नराख्नुहोस् ।
- एरोसोल स्प्रेलाई सदैव चिसो, सुख्खा ठाउँमा मात्र राख्नुहोस् ।

अगरबत्ती र जोस पेपर जलाउँदा

बेकार कागजबाट मुक्त धाँतुको डब्बा र कार्बन बक्सा भित्र मात्रै अगरबत्ती र जोस पेपर जलाउँनुहोस् | सबै खरानीलाई बिसर्जन अगाडी राम्ररी निभाउँनुहोस् |

बेडरूम

घरमा लाग्ने आगलागीको घटनामा सबै भन्दा धेरै मृत्यु बेडरुममा हुन्छ | धेरै जसो आगलागीको घटना राति घट्छ जब सबै जना सुति रहेको हुन्छन | केहि घटनामा मात्र मानिसहरु फस्नाले जलेर मर्दछन भने धेरै जसो मृत्यु धुँवा र ग्यासको कारणले निसासिएर हुने गर्दछ | बेडरुममा हुने फर्निचर, लुगा, पर्दा र तप्ना सबै ज्वलनशील हुन्छन तसर्थ बेडरुममा आगोबाट बच्ने पुर्वोपायहरुलाई बेवास्ता गर्नु हुदैन |

चुरोटको ठुटो

ओछ्यानमा कहिले पनि चुरोट नपिउनुहोस् | जलिरहेको चुरोटले ओछ्यानमा आगो लगाउन सक्छ | बिसर्जन भन्दा अगाडि चुरोटलाई राम्रोसंग निभाउनुहोस्|

हिटर

हिटरलाई कहिले पनि ओछ्या, सोफा वा कुर्चीको नजिक नराख्नुहोस् | हिटरको माथि कपडा नसुकाउनुहोस् | सुनिश्चित गर्नुहोस् कि हिटर ठिक ठाउँमा छ र सजिलै भुईंमा पल्टिने छैन |

आवश्यक तेल

- प्राय: सबै आवश्यक तेल ज्वलनशील तरल हुन् | धेरै परिमाणमा तेलको भण्डारण नगर्नुहोस् | चिनीहरुलाई सोझो घाम र बत्तिले पुग्ने ठाउँ भन्दा टाढा राख्नु पर्दछ |
- भेपोराइजर प्रयोग गर्दा कोठा राम्रोसंग हावा ओहोर-दोहोर गर्ने खालको हुनु पर्दछ | बर्नर भएको भेपोराइजर ज्वलनशील सामग्रीको नजिक र सोझो बढि हावा आउने ठाउँमा राख्नु हुदैन | तेल हाल्दा ज्वाला निभाउनुहोस् | चर्किएको भेपोराइजर प्रयोग गर्नु हुदैन |
- बिजुलीको भेपोराइजरमा धेरै पानी नहाल्नुहोस्, यस्ले गर्दा पानी ओवर-फ्लो भएर बाहिर र तारलाई भिजाउन सक्छ |

सुत्नु भन्दा पहिला चारैतिर जाँच्नुहोस्

- भान्सा, बैठक कोठा र बेडरुमको ढोका बन्द गर्नुहोस् । यसो गर्दा तपाई सुतेको बेला आगो लागेमा त्यसलाई फैलन केहि कम गरिदिन्छ ।
- सुनिश्चित गर्नु होस् कि सबै ग्यासको उपकरण र मट्टितेलको चुल्हो बन्द छ र साथै चुरोट पनि निभाईएको छ ।
- सुनिश्चित गर्नु होस् बिजुलीको उपकरणहरु जस्तै रेडियो, टेलीविज़न र हलुका हिटरको प्लग सकेटबाट निकालिएको छ ।



छत

सुनिश्चित गर्नुहोस्, छतको निकास द्वार भित्रबाट छिटो र साँचो बिना खुल्न सकोस् । छतलाई कुनै पनि अवरोधबाट मुक्त राख्नुहोस् । आगो लागेको स्थितिमा छतले अस्थायी आश्रय स्थलको काम गर्न सक्छ ।

सुरक्षित लबी

सुरक्षित लबीमा हुने स्वत: बन्द हुने ढोकालाई सधै बन्द राख्नु पर्दछ ।

भर्याङ

भर्याङलाई अवरोधहरु बाट मुक्त राख्नुहोस् । याद राख्नुहोस्, आगो लागेको बेला भर्याङ नै बच्ने निस्कने महत्वपुर्ण बाटो हो ।

लिफ्ट

भवन मा आगो लागेको शंका लागेमा लिफ्टको प्रयोग नगर्नुहोस् ।

ढोका र मूल द्वार

मूल द्वारमा सर्ने खालको ढोका लगाउनु पर्छ ताकी यो खुल्दा कोरिडोर, बाल्कोनी वा भर्याङ्लाई अवरोध नपुगोस् ।

सजावट

सजावट गर्दा पेन्ट, थिनर वा अन्य ज्वलनशील तरलको प्रयोग सावधानीसंग गर्नुहोस्, खासगरी धेरै वाष्पशीलता भएको ज्वलनशील तरल प्रयोग गर्दा । आवश्कता छैन भने पेट्रोल, मट्टितेल र थिनर जस्तो ज्वलनशील सामग्रीहरुको भण्डारण नगर्नुहोस् । नतोकिएको जोखिमयुक्त सामग्री भण्डारमा उपयुक्त मात्रामा बचेको ज्वलनशील सामग्री भन्दा धेरै भण्डार गरि नराख्नुहोस् । पोलीयुरेथेनले पालिस गरिसके पछि कुनै पनि बिजुलीको उपकरण वा आगो बाल्न शुरु गर्नु भन्दा पहिला झ्यालहरु खोलि दिनुहोस् ताकी भित्र संचित ज्वलनशील ग्यासहरु बाहिर निस्किएर हावामा मिसिएर हराउन सकोस् ।

स्थापित अग्निरोधक सेवाहरु

सुनिश्चित गर्नु होस् कि तपाइको परिवारको सदस्यहरुले भवनमा रहेको अग्निरोधक सेवाहरु जस्तै अग्निशमन यन्त्र, पानी छ्याप्ने पाइप आदिलाई कसरी संचालनमा ल्याउने राम्रोसंग जानेका छन् ।

यी अग्निरोधक सेवाहरुलाई सुरक्षित अवस्थामा र आफूलाई आत्मविश्वास भएको भए मात्र चलाउनुहोस् । यी सेवाहरु चलाउदा तपाईलाई बाहिर निस्कन बेर चाहिँ नहोस् ।

सबै स्थापित अग्निरोधक सेवाहरुको निरीक्षण कुनै दर्तावाल ठेकेदारबाट वर्षमा कम्तिमा पनि एक चोटी गराउनु होस् र कुनै अनियमितता देखिए तुरन्तै मर्मत गर्नुहोस् । सानो आकारको आगलागीको लागि अग्निशमन यन्त्रको प्रयोग गर्नुहोस् ।

यहाँ अगाडी केहि प्रचलित अग्निशमन यन्त्रहरु, अग्नि-अवरोधक कम्बल र तिनीहरुको प्रयोगको बारेमा जानकारी दिईएको छ।



1. कार्बन डाइऑक्साइड भएको अग्निशमन यन्त्र:

प्रयोग गर्नुहोस्: बिजुलीले लागेको आगो, ज्वलनशील तरल,कोमल उपकरणहरु, आवश्यक कागजपत्र वा सिमित ठाउँमा लागेको आगो माथि

नोट: यसको वाफले निस्साउन सक्छ, प्रयोग पछि खुल्ला हावामा आउनुहोस्।

संचालन विधि:

क. अग्निशमन यन्त्रलाई आगो लागेको भुईमा ल्याउनुहोस् र आगो संग सुरक्षित दूरीकायम राख्नुहोस्।

ख. संचालन हेण्डिलको सुरक्षा पिन तान्नुहोस् र डिस्चार्ज हॉर्नलाई जलिरहेको सामग्री तर्फ लक्षित गर्नुहोस्।

ग. संचालन हेण्डिललाई दबाउनुहोस्, यस्ले गर्दा नियंत्रण भल्भ खुल्दछ। भल्भ खुल्नाले डिस्चार्ज हॉर्नमा भएको तरल कार्बन डाइऑक्साइड वाष्पित हुन्छ र फैलिन्छ जुन डिस्चार्ज हॉर्नको माध्यमबाट आगोको आधार तर्फ जोडले निस्कन्छ र जलिरहेको सामग्रीलाई निभाउदछ।

घ. आगो निभिसके पछि ग्यासको डिस्चार्ज रोक्न संचालन हेण्डिललाई दबाउन छोडिदिनोस्।

2. पानी भएको अग्निशमन यन्त्र:

प्रयोग गर्नुहोस्: काठ, कपडा र कागज सम्मिलित आगो माथि

कहिल्यै प्रयोग नगर्नुहोस्: बिजुली वा ज्वलनशील तरल वा धातुहरुसंग सम्बन्धित आगो माथि

संचालन विधि:

क. अग्निशमन यन्त्रलाई आगो लागेको भुईमा ल्याउनुहोस् र आगो संग सुरक्षित दूरी कायम राख्नुहोस् ।

ख. सुरक्षा पिन तान्नु होस् र नोज़ललाई जलिरहेको सामग्री तर्फ लक्षित गर्नुहोस् ।

ग. संचालन हेण्डिललाई दबाउनुहोस् । ग्यास-कार्तुस वाला अग्निशमन यन्त्रमा स्ट्राईकरले ग्यास-कार्तुसमा प्वाल पारिदिन्छ जस्ले गर्दा कार्बन डाइऑक्साइड मुक्त हुन्छ र त्यही समय नियंत्रण भल्भ पनि खुल्दछ । भण्डारित-चापवाला अग्निशमन यन्त्रमा पनि नियंत्रण भल्भ खुल्दछ र नोज़लको माध्यमबाट सिलिंडरको पानी जोडले बाहिर निस्कन्छ । पानीको धारलाई आगो को आधारमा पार्नको लागि नोज़लको दिशालाई मिलाउनुहोस् र जलिरहेको सामग्रीलाई निभाउनुहोस् ।

घ. आगो निभिसके पछि ग्यासको डिस्चार्ज रोक्न संचालन हेण्डिललाई दबाउन छोडिदिनोस् ।



3. सुख्खा पाउडर भएको अग्निशमन यन्त्र (गैस-कारतूस / भण्डारित-चापवाला)

प्रयोग गर्नुहोस्: सबै जसो आगो,ज्वलनशील तरलको आगो, धातुको आगो वा बिजुलीको आगो माथि

संचालन विधि:

क. अग्निशमन यन्त्रलाई आगो लागेको भुईमा ल्याउनु होस् र आगोसंग सुरक्षित दूरी कायम राख्नुहोस् ।

ख. संचालन हेण्डिलको सुरक्षा पिन तान्नुहोस् र नोज़ललाई जलिरहेको सामग्री तर्फ लक्षित गर्नुहोस् ।

ग. संचालन हेण्डिललाई दबाउनुहोस् । ग्यास-कार्तुसवाला अग्निशमन यन्त्रमा स्ट्राईकरले ग्यास-कार्तुसमा प्वाल पारिदिन्छ जस्ले गर्दा कार्बन डाइऑक्साइड मुक्त हुन्छ र त्यही समय नियंत्रण भल्भ पनि खुल्दछ । भण्डारित-चापवाला अग्निशमन यन्त्रमा पनि नियंत्रण भल्भ खुल्दछ । यी दुवै मामिलामा सिलिंडरमा रहेको सुख्खा पाउडर नोज़लको माध्यमबाट जोडले बाहिर निस्कन्छ । सुख्खा पाउडर आगोको आधारमा नै परोस भत्रकोलागि नोज़लको दिशालाई मिलाउनुहोस् र जलिरहेको सामग्रीलाई निभाउनुहोस् ।

घ. आगो निभिसके पछि सुख्खा पाउडरको डिस्चार्ज रोक्न संचालन हेण्डिललाई दबाउन छोडिदिनोस् ।



4. क्लीन एजेंट भएको अग्निशमन यन्त्र

प्रयोग गर्नुहोस्: बिजुलीले लागेको आगो,ज्वलनशील तरल,कोमल उपकरणहरु, आवश्यक कागजपत्रमा लागेको आगो माथि

संचालन विधि:

क. यन्त्रलाई आगो लागेको भुईमा ल्याउनुहोस् र आगोसंग सुरक्षित दूरी कायम राख्नुहोस् ।

ख. सुरक्षा पिन तान्नुहोस् र नोज़ललाई जलिरहेको सामग्री तर्फ लक्षित गर्नुहोस् ।

ग. संचालन हेण्डिललाई दबाउनु होस् जस्ले गर्दा नियंत्रण भल्भ खुल्नेछ । त्यसपछि नोज़लको माध्यमबाट ग्यास जोडले आगोको आधार तर्फ झर्नेछ र जलिरहेको सामग्रीलाई निभाउनेछ ।

घ. आगो निभिसके पछि ग्यासको डिस्चार्ज रोक्न संचालन हेण्डिललाई दबाउन छोडिदिनोस् ।



5. फिंज भएको अग्निशमन यंत्र (गैस-कारतूस/ संग्रहित-दबाब)

प्रयोग गर्नुहोस्: ज्वलनशील तरल सम्बन्धित आगो माथि

कहिल्यै प्रयोग नगर्नुहोस्: बिजुली को आगो माथि

संचालन विधि:

क. अग्निशमन यन्त्रलाई आगो लागेको भुईमा ल्याउनुहोस् र आगोसंग सुरक्षित दूरी कायम राख्नुहोस् |

ख. संचालन हेण्डिलको सुरक्षा पिन तान्नुहोस् र नोज़लबाट जलिरहेको सामग्री तर्फ लक्षित गर्नुहोस् |

ग. संचालन हेण्डिललाई दबाउनुहोस् | ग्यास-कार्तुस वाला अग्निशमन यन्त्रमा स्ट्राईकरले ग्यास -कार्तुसमा प्वाल पारिदिन्छ जस्ले गर्दा कार्बन डाइऑक्साइड मुक्त हुन्छ र त्यही समय नियंत्रण भल्भ पनि खुल्दछ | भण्डारित-चाप वाला अग्निशमन यन्त्रमा पनि नियंत्रण भल्भ खुल्दछ | यी दुवै मामिलामा सिलिंडरमा रहेको फिंजको घोल स्वतः नोज़लको माध्यमबाट जोडले बाहिर निस्कन्छ | फिंजको आगो लागेको ढब्बाको भित्रि भित्तामा नै परोस भन्नकोलागि नोज़लको दिशा मिलाउनुहोस् र यो तब सम्म गर्नुहोस् जब सम्म बलिरहेको तेल वा ज्वलनशील तरलको माथि फिंज बग्दैन र बलेको आगो निभ्दैन |

घ. आगो निभिसकेपछि फिंजको डिस्चार्ज रोक्न संचालन हेण्डिललाई दबाउन छोडिदिनोस् |



6. अग्नि-अवरोधक कम्बल

प्रयोग गर्नुहोस्: भान्सा र प्रयोगशालामा ज्वलनशील तरलहरुले लाग्ने सानो आगोहरु माथि

संचालन विधि:

कम्बललाई बट्टाबाट निकाल्नुहोस र आगोको ज्वालालाई ढाकिदिनोस्। यस्ले आगोमा हावाको संचारलाई रोकिदिन्छ। आगोको श्रोतलाई बन्द गरिदिनोस् र कम्बललाई तेही अवस्थामामा तब सम्म राख्नुहोस् जब सम्म जलिरहेको सामग्री निष्प्रैन।

आपातकालीन योजना

- आफ्नो परिवारसंग आगो लागेको स्थितिमा विस्तृत आकस्मिक बचेर निस्कने बाटो तयार गर्नु होस् र साथै बैठक स्थलको प्रबन्ध गर्नुहोस् । सबै भन्दा खतरा राति हुन्छ जब सबै सुतिरहेका हुन्छन । पहिले देखिनै बाहिर निस्कने वैकल्पिक बाटोहरु र दिशाको योजना बनाउनुहोस् र आवश्यक परेको बेला सदैव घर छोडनको लागि तयार रहनुहोस् । फायर सर्भिसेस डिपार्टमेंट वा तपाईको भवन व्यवस्थापन कार्यालयले आयोजना गर्ने जुन सुकै अग्नि सुरक्षा बहस वा फायर ड्रिलमा सक्रिय रुपले भाग लिनुहोस् ।
- आफै बाहिर निस्कन नसक्नेहरु जस्तै: बिरामी, बुढा-बुढी, अपांग, र सानो बच्चाहरुको लागि विशेष प्रबन्ध गर्नुहोस् ।
- राति फायर ड्रिलको अभ्यास गर्नुहोस् र सबैभन्दा व्यवहारिक योजना बनाउनुहोस् ।
- भवन छोडेर भाग्दा बाटोमा आउने जुनै ढोकालाई पनि बन्द गरिदिनोस् । यस्ले धुँवा र आगो फैलन केहि हद सम्म कम हुन्छ र अन्तिममा क्षति पनि कम हुन सक्छ ।
- आगो लाग्यो भने जति छिटो हुन सक्छ 999 डायल गरि फायर सर्भिसेस डिपार्टमेंटलाई फोन गर्नुहोस् ।
- आगलागिको पुर्वोपायको लागि राम्रो गृह-व्यवस्थाको निकै आवश्यकता रहेछ । दुर्भाग्यवश आगोसंग भिड्नु परयो भने शान्त भएर भिड्नुहोस् ।

बोसो र तेल सम्मिलित आगो

- जलिरहेको बोसो र तेलमा सोझै पानीको प्रयोग नगर्नुहोस् ।
- जलिरहेको बोसो भएको ताप्केलाई नउठाउनुहोस् ।
- ताप्केमा बोसो वा तेलले लागेको आगो निभाउन पहिला ग्यास सप्लाई बन्द गरि दिनुहोस् र त्यसपछि ताप्केलाई ढक्कन वा प्लेटले ढाकि दिनुहोस् । यदि कपडा,खाना पकाउने बोसो वा अन्य ज्वलनशील तरलमा आगो लाग्यो भने अग्नि-अवरोधक कम्बलको प्रयोग गर्नुहोस् । अग्नि-अवरोधक कम्बललाई स्थिर रुपमा भित्तामा राख्न मिल्ने धातुले भनेको बेलानाकर बट्टाको भित्र राख्नु धेरै राम्रो हुन्छ
- पानीको प्रयोग आगो वरिपरी फैलिन लाग्यो भने मात्र गर्नुहोस् ।

बिजुलीको उपकरणमा लागेको आगो

गर्नुहोस्:

लागो लागेको उपकरणको प्लग निकाली दिनुहोस् वा मुख्य स्थानबाट बिजुली बन्द गरिदिनुहोस्।

नगर्नुहोस् :

चालु बिजुलीसंग जोडिएको उपकरणमा पानीको प्रयोग

मात्र प्रयोग गर्नु होस्:

बिजुली सम्मिलित आगोमा सुख्खा पाउडर वा कार्बन डाइऑक्साइड वाला अग्निशमन यन्त्रको प्रयोग गर्नुहोस् तर करेन्ट बन्द गर्न सधै याद राख्नुहोस्।

यदि तपाइको कपडामा आगो लाग्यो भने के गर्ने

- तपाईको कपडामा आगो लाग्यो भने तुरन्तै भुईमा पल्टिनुहोस् जस्ले गर्दा तपाईको अनुहारमा आगो लाग्दैन र भुईमा गोलो गोलो घुम्नु होस्। "पल्टिनु होस् र घुम्नु होस्"
- भुईमा घुम्दा यदि कुनै बाक्लो कपडा (जस्तै: कम्बल, गलैचा, कोट, पर्दा, ड्रेसिंग गाउन, तौलिया आदि) मा आफुलाई बेर्न सक्नु भयो भने धेरै राम्रो हुन्छ। तर यी कुराहरु खोज्न समय नगुमाउनुहोस् र तुरन्तै भुईमा पल्टिनुहोस्।
- यदि तपाईको अगाडी कसैको कपडामा आगो लाग्यो भने उनलाई तुरन्तै भुईमा पल्टन भन्ने र त्यसपछि कम्बल, चकटी, गलैचा आदि लिएर उनलाई बेर्ने। तपाईको कपडामा आगो नलागोस् भनेर सावधान हुनुहोस्।

वैद्यानिक आवश्यकता

कुनै पनि बचेर भाग्ने बाटोमा कुनै चीज वा वस्तु राखिदिनु जस्ले भाग्ने बाटोलाई अवरोध गर्छ वा त्यों बाटो नै बंद गर्नु दंडनीय अपराध हो | यस्तो अपराध गर्नेलाई बिना पूर्व चेतावनी अभियोग लगाउन सकिन्छ |

पहिलो चोटि दोषी प्रमाणित भएमा $ 100,000 को जरिवाना र दोस्रो चोटि फेरी दोषी प्रमाणित भएमा $200,000 जरिवाना र 1 वर्षको कैदको भागिदार हुनेछ र कुनै पनि मामला मा अतिरिक्त $ 20,000/ प्रति दिनको जरिनाना अपराध नल्दा सम्म |

(मिति 2004 /1/ 1 देखि लागू)

香港特別行政區政府新聞處設計
政府物流服務署印
Designed by the Information Services Department
Printed by the Government Logistics Department
Hong Kong Special Administrative Region Government